**राजस्व न्यायाधिकरण काठमाण्डौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

**२०७५।०७५ सालको निर्णय नं. ७**

**पुनरावेदन नं. ०७४-RB -०१७६**

| | |
|---|---|
| जिल्ला भक्तपुर, भक्तपुर न.पा. वडा नं. १७ सल्लाघारी स्थित नेपो इण्डष्ट्रिज प्रा.लि. को अधिकार प्राप्त अध्यक्ष पवन कुमार संघई------------------------१ | पुनरावेदक |
| विरुद्ध | |
| आन्तरिक राजस्व कार्यालय, भक्तपुर -------------------------------------१ | प्रत्यर्थी |

**मुद्दाः-आयकर (आ. व.२०७१/०७२)**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री प्रसन्न कृष्ण दास

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री नगेन्द्र लम्साल

**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, भक्तपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री सूर्य प्रसाद पोखरेल

शुरु कर्यालयको निर्णय मितिः–२०७४।०७।२२

आन्तरिक राजस्व कार्यालय, भक्तपुरको मिति २०७४।०७।२२ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएकोले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## मुद्दाको तथ्य :

१. पुनरावेदक करदाता नेपो इण्डष्ट्रिज प्रा.लि. ले आ. व. २०७१/०७२ को कर विवरण फर्म भरी पेश गरी उक्त आ. व. को लागी कूल करयोग्य आय रु. ४२,०७,७३७।५६ कायम गरी आन्तरिक राजस्व कार्यालय, भक्तपुरमा मिति २०७२।९।३० मा आय विवरण पेश गरेका रहेछन ।

२. उक्त आ.व. को लागी आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागी संशोधित कुल करयोग्य आय रु. ५५,०२,६४१।५१ कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम करदातालाई मिति २०७४।७।१६ मा लिखित सूचना जारी गरिएको रहेछ । उक्त सूचना करदाताले मिति २०७४।०७।१९ मा बुझीलिई सोको प्रतिक्रिया सहितको लिखित जवाफ मिति २०७४।७।२१ मा पेश गरेका रहेछन । प्रस्तुत करदाताको आ.व. २०७१।०७२ का लागि रु. ५५,०२,६४१।५१ करयोग्य आय कायम गर्नुपर्ने भन्दै आन्तरिक राजस्व कार्यालय, भक्तपुरबाट मिति २०७४।०७।२२ मा संशोधित कर निर्धारणको निर्णय भएको रहेछ ।सो निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०७४।९।२१ मा निवेदन दिएकोमा पटक पटक अनुरोध गर्दा पनि उक्त निवेदन उपर विभागबाट निर्णय नभएको कारण राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ र आयकर ऐन, २०५८ को दफा ११५(८) एवं दफा ११६ बमोजिम पुनरावेदक नेपो इण्डष्ट्रिज प्रा.लि. का तर्फबाट यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदन पर्न आएको देखियो ।

३. पुनरावेदक नेपो इण्डष्ट्रिज प्रा.लि. का तर्फबाट प्रस्तुत पुनरावेदनपत्रमा देहाय बमोजिमका जिकिरहरु लिएको पाइयो :-

क. उद्योगको मूल्य अभिबृद्धि कर विवरण र आशिकुडाका सम्पूर्ण प्रज्ञापन पत्रहरु कर

परिक्षणको क्रममा भिडान भएको र आय विवरण पेश गर्दा वास्तविक खरिद रकम नै देखाईएको हुँदा उक्त रकम आयमा समावेश गरेको नमिलेको ।

ख. बैंकको Draft and Commission खर्चका सम्बन्धमा उद्योगले सो सम्बन्धमा सम्पूर्ण बैंकको स्टेटमेन्टहरु पेश गरी सकेको अवस्थामा भई आएको कर निर्धारण आदेश त्रुटिपुर्ण रहेको,

ग. कर परिक्षणको क्रममा करछुट खरिदको विलहरु पेश हुन नआएको भन्दै लगत खर्च अमान्य गरेको मिलेन,

घ. तसर्थ मिति २०७४।०७।२२ मा भएको संशोधित कर निर्धारण आदेश वदर गरी पाउँ ।

## ठहर

४. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक नेपो इण्डष्ट्रिज प्रा.लि. का तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री प्रसन्न कृष्ण दासको वहस सुनियो । वहसका क्रममा विद्वान अधिवक्ताले मूलतः पुनरावेदनपत्रमा उल्लेखित जिकिरहरुलाई नै आधार बनाई आ.व. २०७१/०७२ को हकमा मिति २०७४।७।२२ मा संशोधित कर निर्धारणको आदेश भएको हुँदा सो आदेश वदर गरी पाउँ भनी जिकिर लिनु भएको छ ।

५. प्रत्यर्थी तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान शाखा अधिकृत श्री नगेन्द्र लम्सालले व्यापार मौज्दातको लागत खर्च अन्तर्गतका विल भौचर लगायतका भुक्तानीको प्रमाणहरु कर परिक्षणका समयमा तथा जवाफमा समेत करदाताको तर्फबाट पेश हुन नआएको रु. ४,७१,५२५।०० लाई आयकर ऐन २०५८ को दफा १५ अनुसार खर्च भएको भनी प्रमाणित गर्ने पर्याप्त आधार नदेखिएका हुँदा सोही ऐनको दफा २१(१) च अनुसार खर्च कट्टि अमान्य गरी करयोग्य आयमा समावेश गरेको कार्यालयको निर्णय मनासिव नै रहेकोले सदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो

६. निर्णय तर्फ बिचार गर्दा पुनरावेदकका तर्फबाट प्रस्तुत पुनरावेदनमा आन्तरिक राजस्व कार्यालय, भक्तपुरबाट मिति २०७४।०७।२२ मा भएको संशोधित कर निर्धारणको आदेश उपर चित्त नबुझाई आयकर ऐन, २०५८ को दफा ११५(१) बमोजिम प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०७४।९।२१ मा निवेदन दिएकोमा सो निवेदन उपर म्याद भित्र विभागबाट निर्णय नभएकोले सोही ऐनको दफा ११५(८) र दफा ११६ बमोजिम यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदन दायर गरेको भनी उल्लेख भएको देखिन्छ ।

७. करदाताले आयकर ऐन २०५८ को दफा १०१(६) बमोजिमको संशोधित कर निर्धारणको सूचनामा उल्लेखित म्यादभित्र मिति २०७४।७।२१ मा पेश गरेको जवाफमा कार्यालयबाट भएको कर निर्धारण त्रुटिपूर्ण रहेको भनी दावी गरेको पाइयो । साथै, कर परीक्षणको बखत मूल्य अभिबृद्धिकर विवरण र आसिकुडाका सम्पूर्ण प्रज्ञापनपत्रहरु भिडान हुनुका साथै अन्य खरीदका विल भरपाई तथा बैंक स्टेटमेन्ट समेत पेश गरी निरिक्षण गराइएकोले यथार्थताको आधारमा लाग्नै नपर्ने कर दायित्वबाट उन्मुक्ति दिलाई खर्च कट्टि अमान्य नगरिदिनुह हुन र खर्च अमान्य गर्ने निर्णय बदर गरिदिनुहुन भनी लिखित अनुरोध गरेको भएता पनि सो लाई पुष्टि गर्ने प्रमाण कागजात जवाफसाथ संलग्न गरी पेश देखिएन । पुनरावेदकले प्रत्यर्थी कार्यालय समक्ष पेश गरेका प्रमाण अभिलेख छानविन गर्दा प्रमाण नभएका रकमको खर्च कट्टी अमान्य गरेको देखिन आउँछ । उक्त खर्चहरुलाई पुष्टि गर्ने प्रयोजनार्थ पुनरावेदकले कुनै प्रमाणहरु समेत पेश गरेको पाइएन ।

८. त्यसैगरी मूल्य अभिबृद्धिकर विवरण र आसिकुडा विवरण अनुसार फरक पर्न आएको रु. १२,६५८।- को मूल्य अभिवृद्धि ९।९६ प्रतिशतले हुने रकम रु. १२६१।- लाई आयकर ऐन २०५८ को दफा ७(२) (क) अनुसार आयमा समावेश गर्ने तथा खर्च प्रमाणित हुन नसकेको र खर्च व्यवसायको आय आर्जनसँग प्रत्यक्ष सम्बन्धित देखाउन नसकिएको Vehicle Tax and Others एवं Draft Commission अन्तर्गत दावी जम्मा रु. ९२,६८०। लाई आयकर ऐन २०५८ को दफा १५ अनुसारको खर्च हो भनि प्रमाणित गर्ने प्रमाणहरु नभएकोले खर्च कट्टि अमान्य गरी करयोग्य आयमा समावेश गरेको निर्णय मिलेकै देखिन आयो ।

९. व्यापार मौज्दातको लागत खर्च अन्तर्गत विल भौचर लगायतका भुक्तानीको प्रमाणहरु कर परिक्षणका बखत तथा जवाफमा समेत पेश हुन नआएको रु. ४,७१,५२५।०० लाई आयकर ऐन २०५८ को दफा १५ अनुसार खर्च भएको भनी प्रमाणित गर्ने पर्याप्त आधार नदेखिएको हुँदा सोही ऐनको दफा २१(१) (च) अनुसार खर्च कट्टि अमान्य गरी करयोग्य आयमा समावेश गरेको शुरु कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

१०. गत बर्षको नोक्सानी बढी दावी गरेको भन्ने सम्बन्धमा आज यसै इजलासबाट आ.व. २०७०।०७१ को आयकर मुद्धाको निर्णय नं. ८ र यसै फैसला अनुसार प्रत्यर्थी कार्यालयले आ.व २०७०।०७१ र आ.व. २०७१।०७२ को हिसाव समायोजन गर्नु पर्ने भएको देखिंदा यस सम्बन्धमा थप विवेचना गरिरहनु पर्ने देखिएन ।

११. यस प्रकार पुनरावेदक करदाता नेपो इण्डष्ट्रिज प्रा.लि. को आ. व. २०७१।०७२ को आयकर निर्धारणका सम्बन्धमा शुरु आन्तरिक राजस्व कार्यालय, भक्तपुरबाट मिति

२०७४।७।२२ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

**तपसिल**

प्रस्तुत मुद्दाको फैसला भएको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ........................................................................१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू.......................................................................................२

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

टिपोट गर्नेः -श्री सीता अधिकारी (शाखा अधिकृत)

इति सम्वत् २०७५ साल अशोज महिना ०९ गते रोज ०३शुभम् ..........................